Samriddhi Finance
Partnership for Prosperity

समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
रजिष्टर्ड केन्द्रिय कार्यालयः हेटौंडा १, मकवानपुर, फोन नंः ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

हाल कायम चुक्ता पूँजी रु. ५४,५९,४०,९००/- को दुई शेयर बराबर एक शेयर (२:१) (अर्थात् विद्यमान २ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु. २७,२९,७०,५००/- बराबरको प्रति शेयर रु. १००/- अंकित दरका कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

यस हकप्रद निष्काशन प्रयोजनको लागि मिति २०७८/०९/११ मा शेयरधनी दर्ता किताब बन्द गरिएकोले सो भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुमात्र यस निष्काशनमा आवेदन दिन योग्य रहेको ।

हकप्रद शेयरको बिक्री खुल्ला हुने अवधि

निष्काशन खुल्ला हुने मितिः २०७८/११/०८

निष्काशन बन्द हुने मिति : २०७८/११/२९
(बैंकिङ्ग समय पश्चात्)

दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/- का दरले भुक्तान गर्नुपर्ने ।

प्रति साधारण शेयर रु.१००/- अंकित दरको २७,२९,७०५ कित्ता साधारण शेयरहरुको हकप्रद निष्काशन ।

हकप्रद शेयर निष्काशन बारेको सूचना

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

यस विवरण अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि. डिल्लीबजार, काठमाडौंबाट इस्युर रेटिङ्ग गराई "{[ICRANP-IR] C" (pronounced as ICRA NP issuer rating C) प्रमाणपत्र प्राप्त गरेको छ । "{[ICRANP-IR] C" ले समयमा वित्तीय दायित्व पूरा गर्न चुक्ने सम्बन्धमा ज्यादै उच्च जोखिम ("Considered to have Very High Risk of Default Regarding Timely Servicing of Financial Obligations") भन्ने जनाउँछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR]AAA देखि [ICRANP-IR]D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR]AAA ले बलियो आधार जनाउँदछ र [ICRANP-IR]D ले कमजोर आधार जनाउँदछ । [ICRANP-IR] B, [ICRANP-IR]C र [ICRANP-IR] D ले औषत भन्दा कम आधार जनाउँदछ । जसमा दिइने आधारहरुमा प्रयोग गरिने (plus) चिन्हले दिइएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७७/१२/१२ (२५-०३-२०२१) गते ।

साथै क्रेडिट रेटिङ्ग बहाल रहने अवधिः क्रेडिट रेटिङ्ग प्रदान गरेको मितिबाट १२ महिनासम्म रहने छ ।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति २०७८/०८/२९ ।

१. संगठित संस्थाको नाम :

समृद्धि फाइनान्स कम्पनी लिमिटेड (साविकः वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.) Samriddhi Finance Company Limited (Former: World Merchant Banking and Finance Ltd.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालयः

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. १ मा रहेको छ।

३. कारोवार स्थान :

यस वित्तीय संस्थाको कारोबार गर्ने मुख्य स्थान मकवानपुर जिल्ला, हेटौंडा उप महानगरपालिका वडा नं. १ मा रहेको छ र आ.व. २०७८/०७९ को श्रावण मसान्तसम्म यस संस्थाको निम्न लिखित शाखा कार्यालयहरु रहन गएका छन।

केन्द्रीय तथा शाखा कार्यालयहरुको नामः

सि.नं.	ठेगाना	सि.नं.	ठेगाना
१.	केन्द्रीय कार्यालय, हेटौंडा-१, मकवानपुर।	४.	शाखा कार्यालय, बुटवल, रुपन्देही।
२.	शाखा कार्यालय, हेटौंडा-१, मकवानपुर।	५.	शाखा कार्यालय, नारायणघाट, चितवन।
३.	शाखा कार्यालय, पुतलीसडक, काठमाडौं।	६.	शाखा कार्यालय, पोखरा, कास्की।

४. संगठित संस्थाको संक्षिप्त परिचय र मुख्य उद्देश्यहरु :

१) कम्पनीको संक्षिप्त परिचय :

समृद्धि फाइनान्स कम्पनी लिमिटेड (साविकको वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.) तत्कालीन कम्पनी ऐन, २०५३ बमोजिम मिति २०५७/०३/०८ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट मिति २०५८/०४/१८ गते 'ग' वर्गको राष्ट्रिय स्तरमा वित्तीय कारोबार गर्ने इजाजतपत्र प्राप्त गरी मिति २०५८/०४/२६ देखि आफ्नो वित्तीय कारोबार संचालन गरिरहेको छ। यो संस्था नेपाल राष्ट्र बैंकबाट मिति २०७० साल वैशाख १३ गते समस्याग्रस्त वित्तीय संस्थाको रुपमा सुचित भएको थियो। वित्तीय अवस्थामा सुधार भए पश्चात् मिति २०७६ साल श्रावण १५ गते नेपाल राष्ट्र बैंकको पत्र संख्या रिजोलुसन विविध २/०७६/७७ च.नं. २२ मार्फत समस्याग्रस्त अवस्थाबाट फुकुवा गरिएको हो। यस वित्तीय संस्थाको काठमाडौं जिल्ला पुतलीसडक, रुपन्देही जिल्ला बुटवल अमरपथ, चितवन जिल्ला मिलनरोड नारायणघाट, कास्की जिल्ला चिप्लेढुङ्गा पोखरा र मकवानपुर जिल्ला हेटौंडा, गरी ५ (पाँच) वटा शाखा कार्यालयहरु रहेका छन्। यो कम्पनीका शाखाहरु नेपालको मुख्य व्यापारिक क्षेत्रमा अवस्थित रहेको हुँदा उक्त क्षेत्रमा छरिएर निष्कृय रहेको पूँजीलाई निक्षेपको रुपमा संकलन गरी देशको उद्योग, व्यापार तथा सेवामुलक एवं अन्य क्षेत्रहरुमा लगानी गरी देशको आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले कार्य गरि रहेको छ।

२) कम्पनीको उद्देश्य :

नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन २०६३ तथा अन्य प्रचलित कानुनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

(क) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको निक्षेप तथा पूँजीको परिचालन, संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आबश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र
(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ्य प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

५. शेयर पूँजी संरचना :

अ) अधिकृत पूँजी : यस कम्पनीको अधिकृत पूँजी रू. ८२,००,००,०००/- (अक्षेरेपी बयासी करोड रुपैयाँ मात्र) रहेको छ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ८२,००,००० (बयासी लाख) थान साधारण शेयरहरुमा विभाजन गरिएको छ।

आ) जारी पूँजी : यस कम्पनीको जारी पूँजी रू. ८१,८९,११,४००/- (अक्षेरेपी एकासी करोड उनानब्बे लाख एघार हजार चार सय मात्र) हुनेछ। उक्त पूँजीलाई रु. १००/– दरका ८१,८९,११४ (एकासी लाख उनानब्बे हजार एक सय चौध) थान साधारण शेयरहरुमा विभाजन गरिएको छ।

इ) चुक्ता पूँजी : हाल यस कम्पनीको चुक्ता पूँजी रू. ५४,५९,४०,९००/- (अक्षेरेपी चौवन्न करोड उनन्साठि लाख चालिस हजार नौ सय मात्र) रहेको छ। यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरेपश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रू. ८१,८९,११,४००/- (अक्षेरेपी एकासी करोड उनानब्बे लाख एघार हजार चारसय मात्र) हुनेछ।

६. शेयरको हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने संस्थाको चुक्ता पूँजीको संरचनाः

समुह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चूक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक	४८,६१,५८४	५९.३६६७%	४८,६१,५८,४००/-	शत प्रतिशत
ख	सर्वसाधारण (कर्मचारीहरु समेत)	३३,२७,५३०	४०.६३३३%	३३,२७,५३,०००/-	शत प्रतिशत
	जम्मा	**८१,८९,११४**	**१००%**	**८१,८९,११,४००/-**	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवः

वित्तिय संस्थाको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुको प्रतिनिधित्व रहेको छ।

सि. नं.	नाम	पद	उमेर (बर्ष)	राष्ट्रियता	ठेगाना	शैक्षिक योग्यता	व्यापार/व्यबसायमा अनुभव
१	श्री विनोद कुमार सुवेदी	अध्यक्ष (सर्वसाधरण समुह)	३८ वर्ष	नेपाली	राप्ती-४, चितवन हाल, चन्द्रागिरि -८, काठमाडौं।	एम.वि.एस.एम.ए एल.एल.बी.	(क) अध्यक्ष प्रबन्ध सञ्चालक - टिम एजुकेशन एण्ड माइग्रेसन कन्सल्ट प्रा.लि.- ६ वर्ष (ख) अध्यक्ष : युनी कन्सल्ट्यान्टस अलायन्स प्रा.लि. - १ वर्ष (ग) अध्यक्षः टिम स्कूल अफ ल्याङ्गवेज प्रा.लि. - ३ वर्ष (घ) सदस्य - रोटरी क्लब अफ महाबौद्ध, ललितपुर - २ वर्ष
२.	श्री कुमार श्रेष्ठ	सञ्चालक (स्वतन्त्र)	६६ वर्ष	नेपाली	भद्रपुर न.पा. वडा नं. -८, भ्रापा, हाल का.म.न.पा. वडा नं. ३२, काठमाडौं।	एम.वि.ए.	(क) पूर्व सह-सचिव - नेपाल सरकार - ८ वर्ष (ख) पूर्व सञ्चालक - पूर्वाञ्चल ग्रामिण विकास बैंक - ३ वर्ष (ग) सदस्य - नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था - २४
३.	श्री शिव लाल पुरी	सञ्चालक (सर्वसाधारण समुह)	४० वर्ष	नेपाली	तिलाहार-८, पर्वत, हाल मोदी गा.पा. वडा नं. ६ पर्वत।	एम.वि.एस.	(क) प्रोप्राइटर - पञ्चासे सप्लायर्स - ३ वर्ष (ख) सदस्य - रोटरी क्लब अफ महाबौद्ध - २ वर्ष (ग) प्रोप्राइटर - पुरी स्टोर्स - ५ वर्ष
४.	दिपक अधिकारी	सञ्चालक (संस्थापक समुह)	४३ वर्ष	नेपाली	भरतपुर म.न.पा-१९, चितवन हालः चन्द्रागिरी-१४, काठमाडौं।	एम.वि.एस.	(क) सञ्चालक - राइट्स सप्लायर्स प्रा.लि - २ वर्ष (ख) सञ्चालक -सिडिएम इन्भेष्टमेन्ट कं.प्रा.लि - ५ वर्ष (ग) सञ्चालक -डिलाइट नेपाल इण्डष्ट्रिज प्रा.लि - ८ वर्ष
५.	श्री गुप्त बहादुर राना	सञ्चालक (संस्थापक समुह)	६४ वर्ष	नेपाली	लगनखेल ५, ललितपुर।	इ.एम.बिए एम.ए एम.पी.ए	विगत ३० वर्षदेखि राष्ट्रिय वाणिज्य बैंकमा विभिन्न तहमा सेवा गरी अवकाश प्राप्त अध्यक्ष : रोटरी क्लब अफ महाबौद्ध,ललितपुर - ६ वर्ष
६.	श्री सुजन अधिकारी	सञ्चालक (संस्थापक समुह)	४३ वर्ष	नेपाली	डराउने पोखरी ७, काभ्रे हाल, जोरपाटी ३, काठमाडौं।	एम.वि.एस.	वित्त नियन्त्रक - एस.जि. अर्गनाइजेसन प्रा.लि. - २०७६ देखि हाल वित्त विभाग प्रमुख - सुविसु केविनेट प्रा.लि. - ४ वर्ष लेखापरिक्षण प्रबन्धक - बतास अर्गनाइजेसन प्रा.लि. - ३ वर्ष वरिष्ठ लेखापरिक्षक - आर बज्राचार्य एण्ड कम्पनी - ६ वर्ष

वित्तिय संस्थाको प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरणः

क्र.सं.	नाम	ठेगाना	शैक्षिक योग्यता	अनुभव
१	श्री टिका निधी लोहनी	ललितपुर-२५, भैंसेपाटी	एम.वि.एस.	(क) विभिन्न क्याम्पसमा व्यवस्थापन विषय प्राध्यापन वि.स. २०६४ देखि २०७४ सम्म -१० वर्ष (ख) अध्यक्ष : वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड - २०७४ देखि २०७७ सम्म - ३ वर्ष (ग) प्रमुख कार्यकारी अधिकृत : समृद्धि फाइनान्स कम्पनी लिमिटेड - २०७७ मंसिरदेखि

८. सञ्चालक समितिको बनौट :

यस संस्थामा ७ जनाको सञ्चालक समिति हुनेछ। सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ।

संस्थापक समूहबाट निर्वाचित	४
सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित	२
स्वतन्त्र सञ्चालक	१
जम्मा	७

नोटः हाल यस वित्तीय संस्थामा ६ जनाको सञ्चालक समिति रहेको छ। साथै एक सदस्य पद रित्त रहेको छ।
रिक्त सदस्य पदमा संचालक समितिले नयाँ नियुक्ति गर्ने प्रक्रियामा रहेको छ।

९. निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :

संस्थाको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ५४,५९,४०९ (चौबन्न लाख उन्नसाठी हजार चार सय नौ) कित्ताको २ शेयर बराबर १ शेयर (२:१) को अनुपातमा अर्थात विद्यमान दुई कित्ता साधारण शेयर बराबर एक कित्ता साधारण शेयरको दरले प्रति शेयर रु.१००/– अंकित दरले जम्मा २७,२९,७०५ (सत्ताइस लाख उनन्तीस हजार सात सय पाँच कित्ता) कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयरको निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मितिसम्म कायम भएका साविक शेयरधनीहरुले मात्र आफ्नो कायम हक अनुसार दुई शेयर बराबर एक शेयर (२:१) को अनुपातमा प्रति शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर/चेक/बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन्। साथै साविकका शेयरधनीले आफुले पाउने हकप्रद शेयरको आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार आवेदन दिन सक्नेछन र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ।

११. साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्थाः

हकप्रद शेयर खुल्ला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा संशोधित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" को अधिनमा रहि सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ।

१२. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने व्यवस्था :

साविकका शेयरधनीले आफुले पाउने हकप्रद शेयरको आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार आवेदन दिन सक्नेछन र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ। साथै उपरोक्त अनुपातमा शेयर जारी गर्दा शेयरधनीहरुको हिस्सामा खण्डीकरण हुन गएमा शेयरधनीले चाहेमा खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत जम्मा गरी माथिल्लो पूर्ण अंकमा हकप्रद शेयरका लागि आवेदन दिन सक्नेछन्। यसरी शेयर बाँडफाँट गर्दा समूहगत घटबढ नहुने गरी बाँडफाँट गरिनेछ। यसरी बाँडफाँट गर्दा वित्तीय संस्थाको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न वित्तीय संस्थाको वार्षिक साधारण सभाबाट निर्णय गरिनेछ।

१३. संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो तीन वर्ष तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थको विवरण :

वासलात

(रु. हजारमा)

सम्पत्ति	वास्तविक आ.व.			अपरिष्कृत	प्रक्षेपित आ.व.		
	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
नगद तथा नगद सामान	३४,५१८.२३	१,३०,३२६.२७	१,८९,५२२.८८	१,०७,२९६.६७	२,६८,९११.७३	७,४९,२५७.२१	११,३१,३२२.५७
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने	८१.५२	८१.५२	१४,५६८.५५	४८,०२२.३७	१,१०,२३२.०२	२,१०,७३२.०२	३,७२,९०९.३५
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	–	–	–	–	–	–	–
डेरिभेटिभ वित्तीय उपकरण	–	–	–	–	–	–	–
अन्य व्यापारिक सम्पत्ति	–	–		–	२,५३,१४२.००	२,१०,०००.००	२,४१,२५०.००
कर्जा तथा सापटी बैंक तथा वित्तीय संस्थालाई	–	–	–	–	–	२,९७,२४७.५२	३,९६,०००.०२
कर्जा सापटी ग्राहकलाई	१,८०७.५९	६०२.७७	१८,६९०.४७	८,३५,१३२.०६	३४,६५,०००.००	५९,२६,०३०.३७	७८,९६,५००.३७
कर्जा तथा सापटी कर्मचारीलाई	–	–	–	–	–	२२,५००.००	३३,७५०.००
धितोपत्रमा लगानी	६५५.५०	९९४.५०	४४,०६८.९८	१,७५,६०८.५६	१,३८,५६०.००	१,२०,०००.००	१,४०,०००.००
यस वर्षको आयकर सम्पत्ति	२,१३१.८४	२,१३१.८४	२,१३२.२९	३,३५८.००	–	–	–
सहायक कम्पनीमा लगानी	–	–	–	–	–	–	–
सहयोगी कम्पनीमा लगानी	–	–	–	–	–	–	–
लगानी सम्पत्तिहरु	५८,७९५.९३	५८,७८८.९३	५८,७८८.९३	२७,४२१.००	(०.०३)	–	–
सम्पत्ति तथा उपकरण	१३,८०३.८०	१३,२३१.४५	२७८६७.३३	४०,७६६.००	६५,४४३.५४	८७,०२१.४२	८५,२२०.१९
ख्याति तथा अमूर्त सम्पत्ति	–	–	१६४३.५५	–	–	–	–
स्थगन कर सम्पत्ति	१,७०४.९७	३,६०६.७९	४,५७०.४६	४,५७०.४६	४,५७०.४६	४,५७०.४६	–
अन्य सम्पत्ति	३,८३२.८२	१,८३३.६७	४,९३२.७९	१०,८७०.२१	२,२७,८४५.५६	२,६९,५९८.७५	१,५००.००
कुल सम्पत्ति	**१,१७,३३२.२०**	**२,११,६०४.७५**	**३,६६,७८६.२४**	**१२,५३,०४५.३४**	**४५,३३,७०५.२८**	**७८,९६,९५७.७५**	**१,०२,९८,४५२.५०**
दायित्व							
बैंक/वित्तीय संस्थालाई तिर्न बाँकी	–	–	–	–	–	–	–
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	–	–	–	–	–	–	–
डेरिभेटिभ वित्तीय उपकरण	–	–	–	–	–	–	–
ग्राहकबाट निक्षेप	७४,८५१.७४	७५,२७४.४२	२,०५,६८१.६८	९,५१,०५२.८८	३६,२३,९९९.८५	६८,५७,७३३.८५	८९,६३,७३३.८५
तिर्न बाँकी कर्जा तथा सापटी	–	–	–	–	–	–	–
यस वर्षको आयकर दायित्व	–	–	–	–	५०,२८८.१४	५६,२८३.०४	१,०६,४९७.२६
व्यवस्था	–	–	–	–	–	–	–
स्थगन कर दायित्व	–	–	–	–	–	–	–
अन्य दायित्व	३१,४३४.६०	३७,२२८.७५	२७,३३४.६२	२२,७५०.४९	४१,६७८.०३	५१,७२८.८३	५२,९७६.१३
जारी गरिएको ऋणपत्र	–	–	–	–	–	–	–
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व	–	–	–	–	–	–	–
कुल दायित्व	**१,०६,२८६.३४**	**१,१२,५०३.१७**	**२,३३,०१६.२९**	**९,७३,८०३.३७**	**३७,१५,९६६.०३**	**६९,६५,७४५.७२**	**९१,२३,२०७.२४**
इक्विटी							
शेयर पूँजी	१,८१,९८०.३०	१,८१,९८०.३०	१,८१,९८०.३०	४,२८,३८४.९०*	८,१८,९११.३५	८,१८,९११.३५	८,१८,९११.३५
शेयर प्रिमियम	१,३५९.८३	१,३५९.८३	१,३५९.८३	९,६६०.००	९,६६०.००	९,६६०.००	९,६६०.००
सञ्चित मुनाफा	(२,५५,८२८.४९)	(३,१४,०४८.८९)	(२,८९,१५१.९४)	(२,८७,४२१.२३)	(१,८५,८१५.५२)	(८२,०६७.११)	१,१४,२४२.८३
जगेडाहरु	८३,५३४.२२	२,२९,८१०.३३	२,३९,५८१.७६	१,२८,६१८.२२	१,७४,९८३.४४	१,८४,७०७.६८	२,३२,४३१.५२
शेयरधनीहरुलाई बाँडफाँट योग्य कुल	११,०४५.८६	९९,१०१.५७	१,३३,७६९.९५	२,७९,२४१.८९	८,१७,७३९.२७	९,३१,२११.९१	११,७५,२४५.७१
इक्विटी	–	–	–	–	–	–	–
गैर नियन्त्रित स्वार्थ	–	–	–	–	–	–	–
कुल इक्विटी	११,०४५.८६	९९,१०१.५७	१,३३,७६९.९५	२,७९,२४१.८९	८,१७,७३९.२७	९,३१,२११.९१	११,७५,२४५.७१
कुल दायित्व र इक्विटी	१,१७,३३२.२०	२,११,६०४.७५	३,६६,७८६.२४	१२,५३,०४५.२५	४५,३३,७०५.३०	७८,९६,९५७.६३	१,०२,९८,४५२.९५
प्रति शेयर खुद सम्पत्ति	६.०७	५४.०८	७३.५१	६५.१८	९९.८६	११३.७१	१४३.५१

***नोट**: आर्थिक वर्ष २०७७/ ०७८ को अपरिष्कृत वित्तिय विवरणको चुक्ता पूँजी रु. ४२,८३,८४,९०० मा संस्था ले यसअघि १ शेयर बराबर २ शेयर (१:२) को अनुपातमा जारि गरेको हकप्रद शेयरको हुन आउने कुल ३६,३९,६०६ कित्ता शेयर मा २४,६४,०५० कित्ता शेयर बापतको रकममात्र लेखाङ्कन हुन सकेको। तत्कालिन अवस्थामा संकलन हुन बाँकि हकप्रद शेयरवापतको आंशिक चुक्ता पूँजीको रकम २०७८ सालको श्रावण १७ मा प्राप्त भएकोले यो विवरण तयार हुदा कुल जारि कित्ता ३६,३९,६०६ बापतको सम्पूर्ण रकम संस्थामा पूँजीको रुपमा लेखाङ्कन हुने कार्य भईसकेको र हाल चुक्ता पूँजी रु. ५४,५९,४०,९०० पुगेको छ।

नाफा - नोक्सान हिसाब

(रु.हजारमा)

विवरण	वास्तविक आ.व.			अपरिष्कृत	प्रक्षेपित आ.व.*		
	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
ब्याज आम्दानी	५१,५२३.७६	९,५०६.७७	३९,७४०.६८	५८,६०२.२१	२,७४,७४४.६६	६,२२,७८४.७९	९,३३,५०९.३१
ब्याज खर्च	२,५३७.११	२,३५३.४९	८,७८६.१०	३१,७२९.२७	१,५५,९३२.६०	३,४१,७५२.७०	४,५१,२६१.६६
खुद ब्याज आम्दानी	**४८,९८६.६४**	**७,१५३.२८**	**३०,९५४.५८**	**२६,८७२.९४**	**१,१८,८१२.०६**	**२,८१,०३२.०९**	**४,८२,२४७.६५**
शुल्क तथा कमिशन आम्दानी	१०.८७	२.६०	१९५.९९	७,१३३.९८	२६,८७३.९६	४६,२३०.८३	४२,९८८.२८
शुल्क तथा कमिशन खर्च	–	–	–	–	–	–	–
खुद शुल्क तथा कमिशन आम्दानी	**१०.८७**	**२.६०**	**१९५.९९**	**७,१३३.९८**	**२६,८७३.९६**	**४६,२३०.८३**	**४२,९८८.२८**
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी	**४८,९९७.५१**	**७,१५५.८८**	**३१,१५०.५७**	**३४,००६.९३**	**१,४५,६८६.०२**	**३,२७,२६२.९२**	**५,२५,२३५.९४**
खुद व्यापारिक आम्दानी	–	–	–	–	–	–	–
अन्य सञ्चालन आम्दानी	१८.००	२१.६०	६.४३	४२८.८८	१३,७००.७८	३६,०००.००	३८,०००.००
जम्मा सञ्चालन आम्दानी	**४९,०१५.५१**	**७,१७७.४८**	**३१,१५६.९९**	**३४,४३५.८१**	**१,५९,३८६.८०**	**३,६३,२६२.९२**	**५,६३,२३५.९४**
कर्जाको जोखिम व्यवस्था (फिर्ता)	(२८,४६२.५९)	(३९,७१९.३४)	(५६,५२१.३०)	(८६,२८७.५२)	(३४,४०७.६६)	२८,६७०.००	४,२५०.००
खुद सञ्चालन आम्दानी	**७७,४७८.१०**	**४६,८९६.८२**	**८७,६७८.२९**	**१,२०,७२३.३३**	**१,९३,७९४.४६**	**३,३४,५९२.९२**	**५,५८,९८५.९४**
सञ्चालन खर्च							
कर्मचारी खर्च	५,३३४.०२	५,०९१.७०	२२,६२३.४८	३१,५३८.९१	६५,५७२.९१	७०,७०८.४२	९२,७७९.२७
अन्य सञ्चालन खर्च	७,२००.४५	८,७८३.००	१४,३२१.४०	२३,४७१.४८	४८,७०४.५९	४८,९६१.२९	६५,८५७.४२
ह्रासकट्टी र परिषोधन	७४२.७६	५७२.३५	१,६७१.८०	३,४४५.१९	५,८३२.३७	८,५५२.०६	९,८५९.२९
सञ्चालन नाफा	**६४,२००.८७**	**३२,४४९.७७**	**४९,०६१.६१**	**६२,२६७.७४**	**७३,६८४.५९**	**२,०६,३७१.१५**	**३,९०,४८९.९५**
गैर सञ्चालन आम्दानी	–	–	४२८.१४	११,०१३.६८	७०,३३७.००	–	–
गैर सञ्चालन खर्च	–	२८,६०९.४७	१५,३९२.३५	६८,७८१.३८	–	–	–
आयकर र बोनस अधिको नाफा	**६४,२००.८७**	**३,८४०.३०**	**३४,०९७.४१**	**४,५००.०५**	**१,४४,०२१.५९**	**२,०६,३७१.१५**	**३,९०,४८९.९५**
कर्मचारी बोनस	–	३४९.००	३,०९९.७६	–	१३,०९२.८७	१८,७६१.०१	३५,४९९.०९
आयकर अधिको नाफा	**६४,२००.८७**	**३,४९१.३०**	**३०,९९७.६४**	**४,५००.०५**	**१,३०,९२८.७२**	**१,८७,६१०.१३**	**३५४,९९०.८७**
आयकर खर्च	–	–	–	–	–	५६,२८३.०४	१,०६,६५५.२६
चालु कर	–	–	–	–	–	५६,२८३.०४	१,०६,६५५.२६
स्थगन कर	११,६१९.००	(२,००३.००)	(१,८८६.०२)	–	–	–	–
यस अवधिको नाफा	५२,५८१.८७	५,४९४.३०	३२,८८३.६६	४,५००.०५	१,३०,९२८.७२	१,३१,३२७.०९	२,४८,४९३.६१
नाफा बाँडफाँट							
बैंकको शेयरधनी	५२,५८१.८७	५,४९४.३०	३२,८८३.६६	४,५००.०५	१,३०,९२८.७२	१,३१,३२७.०९	२,४८,४९३.६१
गैर नियन्त्रित स्वार्थ	–	–	–	–	–	–	–
यस अवधिको नाफा	**५२,५८१.८७**	**५,४९४.३०**	**३२,८८३.६६**	**४,५००.०५**	**१,३०,९२८.७२**	**१,३१,३२७.०९**	**२,४८,४९३.६१**
प्रति शेयर आम्दानी							
आधारभुत प्रति शेयर आम्दानी	२८.८९	३.०२	१८.०७	१.०५	१५.९९	१६.०४	३०.३४
डाइलुटेड प्रति शेयर आम्दानी	२८.८९	३.०२	१८.०७	१.०५	१५.९९	१६.०४	३०.३४

संस्थाको वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने खुद सम्पत्ति (नेटवर्थ)

विवरण	वास्तविक आ.व.			अपरिष्कृत	प्रक्षेपित आ.व.*		
	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१
चुक्ता पूँजी (रु.हजारमा)	१,८१,९८०.३०	१,८१,९८०.३०	१,८१,९८०.३०	४,२८,३८४.९०	८,१८,९११.३५	८,१८,९११.३५	८,१८,९११.३५
जगेडा तथा कोषहरु (रु.हजारमा)*	(२३३,२६६.३४)	(८२,८८५.७३)	(४८,२१०.३५)	(१,४९,१४३.०१)	(१,१७२.०८)	१,१२,३००.५६	३,५६,३३४.३६
कुल नेटवर्थ	**(४,९९,१६.०४)**	**९९,०९४.५७**	**१,३३,७६९.९५**	**२,७९,२४१.८९**	**८,१७,७३९.२७**	**९,३१,२११.९१**	**११,७५,२४५.७१**
शेयर संख्या (हजारमा)	१,८१९.८०	१,८१९.८०	१,८१९.८०	४,२८३.८५	८,१८९.११	८,१८९.११	८,१८९.११
प्रति शेयर नेटवर्थ (रु)	(२७.२२)	५४.०८	७३.५१	६५.१८	९९.८६	११३.७१	१४३.५१
प्रति शेयर चुक्ता पूँजी (रु)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००
नेटवर्थमा औषत प्रतिफल (प्रतिशत)	९१.६२	५.५४	२४.५८	१.६१	१६.०१	१४.१०	२१.१८
प्रति शेयर आम्दानी	२४.९४	३.०२	१८.०७	१.०५	१५.९९	१६.०४	३०.३४

***नोटः आ.व. २०७४/७५ को जगेडा तथा कोषहरुमा संस्थाको रु ५,८७,९५,९३० बराबरको गैर बैंकिङ्ग सम्पत्ति बापतको कोषलाई गणना गरिएकोमा उक्त रकमलाई सुधार गरि प्रस्तुत गरिएको।**

निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा ०.५२ प्रतिशत प्रतिफल बृद्धि हुनुपर्ने देखिन्छ।

१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित संभावित जोखिमहरु :

क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु।
ख) संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु।
च) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु।
छ) पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।
ज) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु।
ञ) देशको वैदेशिक नीतिमा हुन सक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु।
ट) बिदेशी बिनिमय कारोबार गर्दा बिनिमय दरमा हुने थपघटबाट उत्पन्न हुन सक्ने जोखिमहरु।
ठ) कोभिड-१९ को महामारीबाट उत्पन्न हुनेबाट पर्न सक्ने असर तथा जोखिमः हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ ले गर्दा कोही अछुतो रहन नसकेको अवस्थामा यस कम्पनीका ग्राहक सदस्यहरुले दैनिक रुपमा संचालन गर्ने व्यापार, व्यवसाय तथा आवद्द रहेको उद्योगधन्दा आदि लामो समयसम्म बन्द रहेको कारणले उत्पन्न भएको प्रभाव यस कम्पनीलाई पनि परेको छ। अर्थतन्त्रको समग्र क्षेत्रमा पर्न गएको लामो समयको असरले गर्दा कर्जा असुली प्रकृयामा केहि मात्रामा असर परेको छ। उक्त परिस्थितीको कारण परेको प्रभावको असर केहि समय रहन सक्ने देखिएकोले उक्त चुनैतीको सामना गर्दै जानुपर्ने देखिन्छ। साथै, उक्त जोखिमको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अबलम्बन भए गरेका जोखिम न्यूनिकरणका उपायहरुको अवलोकन तथा अध्ययन गरी सोही अनुरुप उपयुक्त व्यवसायिक रणनीति अनुसरण गरिने छ।

संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ। संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सृजना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी बहन गर्न सक्षम र प्रतिबद्ध छ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः

रु.१००/– प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवारले मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१५. शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको १५ दिनभित्र हकप्रद शेयरको बाँडफाँड गरी बाँडफाँड भएका सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। साथै नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण भए पश्चात् सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्र रहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ।

१६. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँड गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गराई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्ररहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ।

१७. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :

यस वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौंको पत्रबाट चुक्ता पूँजी असी करोड पूरा गरी राष्ट्रियस्तरको वित्त कम्पनी हुन निर्देशन गरेकोले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १२ को उपदफा (६) बमोजिम व्यवसायसँग सम्बन्धित नियमन व्यवस्थाका कारणले २०७७ पौष २७ गते सोमबारको दिन सम्पन्न उन्नाइसौं वार्षिक साधारण सभाले चुक्ता पूँजीको पचास प्रतिशत हकप्रद शेयर निष्काशन गर्ने निर्णय गरेकोले सोही हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने पूँजी रु.२७,२९,७०,५००/- (अक्षेरेपी सत्ताइस करोड उनान्तीस लाख सत्तरी हजार पाचँ सय मात्र) निम्न बमोजिम उपयोग गरिने छ :

क्र.सं.	शिर्षक	प्रतिशत	रकम रु.
१	तरलता व्यवस्थापन	४०%	१०,९१,८८,२००
२	लगानी	३०%	८,१८,९१,१५०
३	शाखा विस्तार	१०%	२,७२,९७,०५०
४	अन्य	२०%	५,४५,९४,१००
	जम्मा		**२७,२९,७०,५००**

१८. हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :

क) यस "**हकप्रद शेयर निष्काशनसम्बन्धी व्यवस्था तथा विवरणहरु**" अनुसार जारी गरिने हकप्रद शेयरकालागि शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको २:१ (विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) को अनुपातमा शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् । आफ्नो शेयर अभौतिक रुपमा धारण गरेका शेयरधनीहरुले सि-आस्वा (CASBA) मार्फत आफ्नो खाता रहेको बैंकबाट वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उपलब्ध गराएको मेरो शेयर (Mero Share) मार्फत आवेदन दिने प्रकृया "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका, २०७४" मा भएको व्यवस्था बमोजिम हुनेछ। भौतिक रुपमा शेयरधारण गरेको शेयरधनीहरुले बिक्री प्रबन्धकले तोकिएको संकलन केन्द्रबाट आवेदन फाराम प्राप्त गरी हकप्रद शेयरको आवेदन दिन सक्नेछन् ।

ख प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनकालागि दरखास्त दिँदा कम्पनीबाट तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नं., हितग्राही परिचय नं., हाल कायम रहेको शेयर संख्या, आफुले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।

ग) आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
  क) आवेदकको पूरा नाम (नेपाली तथा अंग्रेजी दुवै),
  ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,
  ग) आवेदक विवाहित भएका श्रीमान वा श्रीमतीको नाम,
  घ) आवेदकको स्थायी ठेगाना,
  ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर,
  च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर,
  छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर,
  ज) आवेदकले लिन चाहेको शेयर संख्या तथा सो वापत जम्मा गरेको रकम,
  झ) आवेदकको हस्ताक्षर (नावालकको हकमा अभिभावकको हस्ताक्षर),
  ञ) आवेदन फाराम रद्द हुन सक्ने कारणसम्बन्धी जानकारी,
  ट) लगानीकर्ताको परिचयपत्रको व्यवस्था गरिएकोमा त्यस्तो परिचयपत्र नम्बर,
  ठ) आवेदन फाराम बुझाएको संकलन केन्द्रको नाम तथा ठेगाना,
  ड) आवेदन फाराम बुझाएको मिति।

घ) हकप्रद शेयर खरिद गर्नका लागी आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।

ङ) हकप्रद शेयरकालागि आवेदन दिँदा आफुले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/– का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ। साथै शेयर आवेदन दिँदा शेयरधनीहरुले आवेदन दिन पाउने शेयर संख्या खण्डीकरण हुन गएमा शेयरधनीले खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत जम्मा गरी माथिल्लो पूर्ण अंकमा हकप्रद शेयरका लागि आवेदन दिन सक्नेछन् ।

च) संयूक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।

छ) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ।

ज) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर वापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरकोलागी कुनै किसिमको दावी गर्न पाउने छैन।

झ) बाँडफाँट भएको शेयर सम्बन्धित शेयरधनीहरुलाई धितोपत्रको प्रमाणपत्र वितरण नगरी अभौतिक रुपमा डिम्याट खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ।

ञ) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत् दरखास्त दिन सक्नेछन् ।

ट) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा बैंकको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।

१९. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी विवरण :

यस हकप्रद निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ।

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.	खाताको नाम
१.	**श्री बैंक अफ काठमाण्डू लिमिटेड, कमलपोखरी, काठमाडौं।**	**०६०००००६३४२०५२४**	**बि.ओ.के. क्यापिटल – समृद्धि फाइनान्स कम्पनी लि.**

२०. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

यस विवरणद्वारा निष्काशन गरिएको हकप्रद साधारण शेयरको लागि आवेदन दिने म्याद हकप्रद शेयरको बिक्री खुल्ला भएको मितिले कम्तिमा २१ (एक्काइस) दिन हुनेछ। हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला अवधि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अधिनमा रही नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई बैंकको सञ्चालक समितिको निर्णय बमोजिम अधिकतम १५ दिनसम्म थप गर्न सक्नेछ।

२१. हकप्रद शेयर खरीदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको 'हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु' प्राप्त वा हेर्न सक्ने स्थानहरु :

क) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानः

क्र.सं.	कम्पनीको नाम, ठेगाना
१.	बि.ओ.के. क्यापिटल मार्केट लि., नारायणचौर, नक्साल, काठमाडौं।**
२.	समृद्धि फाइनान्स कम्पनी लि., केन्द्रीय कार्यालय, हेटौडा-१, मकवानपुर।
३.	क) समृद्धि फाइनान्स कम्पनी लि., शाखा कार्यालय, बुटवल, रुपन्देही (उपत्यका बाहिर)।
	ख) समृद्धि फाइनान्स कम्पनी लि., शाखा कार्यालय, पोखरा, कास्की (उपत्यका बाहिर)।
	ग) समृद्धि फाइनान्स कम्पनी लि., शाखा कार्यालय, नारायणघाट, चितवन (उपत्यका बाहिर)।
	घ) समृद्धि फाइनान्स कम्पनी लि., शाखा कार्यालय, पुतलीसडक, काठमाडौं (उपत्यका भित्र)।

**** चेक तथा भौचरबाट मात्र दरखास्त बुझिलिने व्यवस्था गरिएको छ।**

२२. आफनो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

हाल कायम शेयरधनीले "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १९ को १ बमोजिम हकप्रद शेयर खरिद गर्न नसकेमा वा आफ्नो हक लाग्ने शेयर अरुलाई बिक्री वितरण वा हक हस्तान्तरण गरेको अवस्थामा निजको हक लाग्ने सम्मको हकप्रद शेयर खरिद गर्न पाउने छन् । उक्त हकप्रद शेयरको हक हस्तान्तरण गर्न देहाय बमोजिमको निवेदन सम्बन्धित संगठित संस्था समक्ष दिने व्यवस्था गर्नुपर्नेछ।

क) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिद गर्न हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था प्रबन्धपत्र, नियमावलीमा भएको,
ख) मनोनयन भई शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था गरिएको,
ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागी आवेदन गर्न सक्ने व्यवस्था गरिएको,
घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,
ङ) प्रचलित कानुन अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचिमा नरहेको,
च) प्रचलित कानुन बमोजिम मनोनित हुने व्यक्ति वा संस्था अयोग्य नभएको,
छ) मनोनित दर्ता एक व्यक्तिलाई मात्र मनोनित गर्नुपर्नेछ। साथै "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १९ को ३ बमोजिम मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गरिएको हुनुपर्नेछ।

२३. लगानीकर्ताहरुको गुनासो तथा सुझाव सम्बन्धी व्यवस्थाः

कम्पनीको प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो तथा सुझाब सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर नक्साल, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ।

२४. सञ्चालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभूत शेयरधनीहरुले रु. ४५,७७७,०००/- जम्मा गरिसकेको जानकारी गराउँदछौं।

२५. दरखास्त फारमको नमूना :



Samriddhi Finance
Partnership for Prosperity
समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
रजिष्टर्ड केन्द्रिय कार्यालयः हेटौंडा १, मकवानपुर, फोन नंः ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

दरखास्त फाराममा निवेदकको आफ्नै खाता रहेको बैंक/ वित्तीय संस्थाको नाम शाखा र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

सि.नं.
कोड नं.
शेयरधनी नं./ परिचय नं.

हकप्रद शेयर खरीद दरखास्त फाराम

मार्फतः धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः बि.ओ.के. क्यापिटल मार्केट लि. B.O.K Capital Market Ltd.

हितग्राही खाता नं. DP ID / Client ID

श्री सञ्चालक समिति,
समृद्धि फाईनान्स कम्पनी लिमिटेड
मुख्य कार्यालयः हेटौंडा, मकवानपुर।

यस कम्पनीको २७,२९,७०५ कित्ता बराबरको हकप्रद शेयरको निष्काशन प्रयोजनको लागि प्रकाशित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुको शर्त अनुसार कम्पनीले आफ्ना शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मिति २०७८/०९/११ गते भन्दा अघिल्लो दिनसम्म मेरो/ हाम्रो नाममा कायम अभौतिक .... कित्ता र भौतिक .... कित्ता शेयरको २:१ (अर्थात् विद्यमान २ कित्ता शेयर बराबर नयाँ १ कित्ता हकप्रद शेयर) को अनुपातले हुन आउने............................कित्ता हकप्रद शेयर खरिद गर्न मेरो/हाम्रो रहेको तथा त्यसमा बाहेक हक हस्तान्तरणबाट प्राप्त भएको .... कित्ता शेयर खरिद गर्न इच्छा भएकोले प्रति शेयर रु. १००/- का दरले हुन आउने जम्मा रकम रु. ....(अक्षरेपी.. ....मात्र) को भौचर/ड्राफ्ट संलग्न गरी तल उल्लेखित विस्तृत विवरण सहित यो निवेदन गरेको छु/छौं । कम्पनीका नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएको उल्लेखित हकप्रद शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

हाल कायम रहेको शेयर संख्या		शेयर प्रमाणपत्र नं. हरु	मिति
लिन चाहेको शेयर संख्या		हकप्रद शेयर वापत जम्मा गरेको रकम रु. (अंकमा)	
कुल खरिद गर्न चाहेको शेयर संख्या		हकप्रद शेयर वापत जम्मा गरेको रकम रु. (अक्षरमा)	
हक हस्तान्तरण गर्ने व्यक्तिको नाम		हक हस्तान्तरण गरी लिने व्यक्तिको नाम	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.	
रकम बुझाएको कम्पनीको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	
निवेदकको पूरा नाम	नेपालीमा: श्री/श्रीमती/सुश्री/नाबालक In English: Mr/Mrs./Miss/Minor	USE CAPITAL LETTER	
स्थायी ठेगाना Address	वडा/घर नं./टोल Ward No./House No./Tole	गा.पा./न.पा. R.M./Municipality	
जिल्ला District		नागरिकता प्रमाण-पत्र नं. PAN No.	
सम्पर्क ठेगाना Contact Address		Mobile No.	
बाबुको नाम Father's Name			
बाजेको नाम Grand Father's Name			
पति /पत्नीको नाम			
संरक्षकको नाम (नाबालकको हकमा) Guardian's Name (In case of Minor)			

यस दरखास्त फाराममा भएको विवरणहरु पूर्ण रुपमा साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयम जिम्मेवार हुनेछु । साथै यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धीकरणको ऐनको बर्खिलाफ हुने गरी आर्जन गरेको होईन । झुटो ठहरिएमा प्रचलित कानुन बमोजिम सहन/ बुझाउन मेरो/ हाम्रो मन्जुरी छ ।

नोटः
१. शेयरधनी नं.अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. हक हस्तान्तरणबाट प्राप्त भएको हक सम्बन्धमा आधिकारिक लिखत दरखास्त साथ अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।
३. धेरै शेयर प्रमाणपत्रहरु भएमा छुट्टै पानामा विवरण भर्नु हुन अनुरोध छ ।
४. Demat तथा भौतिक शेयर भएमा छुट्टा छुट्टै फाराम भर्नु पर्नेछ ।
५. Demat भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID र Client ID दुवै उल्लेख गर्नुपर्नेछ तथा आफ्नो Demat खाताको Statement समेत संलग्न गर्नुहुन अनुरोध छ ।
६. रितपूर्वक नभरिएको दरखास्त हकप्रद शेयर बाँडफाँडमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फाराम स्वत रद्द हुनेछ ।

निवेदकको दस्तखत (Applicant's Signature)
नावालकको हकमा संरक्षकको दस्तखत

यो रसिद हराई अर्कोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः बि.ओ.के. क्यापिटल मार्केट लि. B.O.K Capital Market Ltd.

हकप्रद शेयर रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.:
शेयरधनी नं.

Applicant's Name :					
Company's Name :	SAMRIDDHI FINANCE COMPANY LIMITED				
No. of Share Applied		Call Money per share	Rs. 100/-	Amount Deposited (Rs.)	
Amount in words:					

निवेदकको दस्तखत (Applicant's Signature)
नावालकको हकमा संरक्षकको दस्तखत

For Official use Only:
चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।
Received by:
Date:
Stamp
Code No.:

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

बि.ओ.के. क्यापिटल मार्केट लि.
B.O.K Capital Market Ltd.
A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.mp
Website: www.bokcapital.com.np